भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीबाट जारी भएको हकदावी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला कैलाली गोदावरी नगरपालिका वडा नं. १२ बस्ने बासु दमाईले मेरो पति नरभाने दमाईको मिति २०६८/८/११ गते मृत्यु भएको मृतक नरभाने दमाईको सबैभन्दा नजिकको हकदारमा म बासु दमाई छोराहरु चन्द्र बहादुर दमाई कान्छो शिव दमाई गरी ३ जना हकदार अंशियार भएकोमा कान्छा छोरा शिव दमाईको मिति २०७६/१०/२८ गते मृत्यु भएको र निजको पत्नी सिता नेपाली २०७७/७/१५ गतेका दिन अन्यत्रै विवाह गरी गएको र निजहरुको हकमा मृतक शिव दमाईको छोरा विवेक दमाई गरी ३ जना मात्र हकदार अंशियार बाहेक अरु कोही पनि नभएको हुँदा मृतक नरभाने दमाईका नाममा दर्ता श्रेस्ता कायम भएको मालाखेती प्लट नं. ४ख कि.नं. १३४, २२, ८८ क्षेत्रफल ०-२-०, ०-३-४½, ०-१-१९ ऐ.ऐ. वडा नं. ४क कि.नं. २२ र ५६ क्षेत्रफल ०-२-१५, ०-०-१६ र ऐ.ऐ. वडा नं. ४घ कि.नं. ३३ क्षेत्रफल ०-१-१५½ को जग्गा हामीहरुका नाउँमा संयुक्त नामसारी गरी पाउँ भनि पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि नरभाने दमाई र शिव दमाईको मृत्युदर्ता, विवेक दमाईको जन्मदर्ता, नाता प्रमाणितको प्रतिलिपि र गोदावरी न.पा. १२ नं. वडा कार्यालयको च.नं. ८७ मिति २०७८/४/२७ को सिफारिस पत्र संलग्न राखी निवेदन दिनु भएको हुँदा निवेदकले माथि उल्लेखित भए अनुसार माग गरेको व्यहोरा साँचो हो ? होइन् निजहरु बाहेक अन्य कोही हकदार अंशियार छन् ? छैनन अन्य कोही हकदार अंशियार भए प्रमाण सहित हकदावी गर्न आउने बारेको ३५ दिन भित्र यस कार्यालयमा उपस्थित भै हकदावी गर्नु होला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

इति सम्वत् २०७८ साल श्रावण ३२ गते रोज २ मा शुभम् ......................।

Scanned with CamScanner